# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :२ संख्या :१७ बैशाख२७ गते, शुक्रबार , २०७६**


## भाग-२

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि- २०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०१/२५

### प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी रेसुङ्गा नगरपालिकाले यो “ नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५” वनाइ लागु रहेको छ ।

### परिच्छेद—१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधि नाम“ नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५” रहेको छ ।

२. यो कार्यविधि रेसुङ्गा नगरकार्यपालिकालले स्वीकृत गरेपछि तुरुन्तै लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाइ सम्झनु पर्दछ ।

२. “नगरपालिका ” भन्नाले रेसुङ्गा नगरपालिकालाई सम्झनु पर्दछ ।

३. “कार्यालय ” भन्नाले नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

४. “समिति ” भन्नाले रेसुङ्ग नगरपालिकाको यस कार्यविधि वमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

५. “नगर प्रहरी ” भन्नाले रेसुङ्गा नगरपालिकावाट नियूक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

६. “भत्ता ” भन्नाले रेसुङ्गा नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

७. “आर्थिक वर्ष” भन्नाले श्रावण १ गतेदेखि शुरु भइ आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

८. “कार्यपालिका ” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गठन हुने नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

९. “नगरसभा ” भन्नाले नगरपालिकाको सभा सम्झनु पर्दछ ।

१०. “प्रमुख प्रशासकीय अधिकृत ” भन्नाले नगरपालिकको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारवाट खटाइएको अधिकृतलाई सम्झनु पर्दछ ।

११. “तोकिएको” वा तोकिए वमोजिम” भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

१२. “जवान भन्नाले अधिकृत वाहेकका प्रहरी जवान सम्झनु पर्दछ ।

१३. “नगर प्रहरी कर्मचारी ” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्ने :**

१. कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगरकार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

२. कार्यविधिको दफा ३ (१) को सम्वन्धमा नगर कार्यपालिकाले निवेदन परेको मितिले ३० दिनभित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## पच्छिेद २

नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठनः**

नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५. नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः**

१) नगर कार्यपालिकाले तोकेको पद र तह रहने छन् ।

२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण वनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३. नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य रअधिकार तोकिए वमोजिम हुनेछ ।

## पच्छिेद —३

**नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार**

६. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकारः

१. नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

२. नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

३. स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
४. स्थानीय वजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,
५. नगर सरसफाई सम्वन्धी मापदण्ड कार्यान्वयन गर्ने ,
६. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,
७. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,
८. विपद् व्यवस्थापन सम्वन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना,
९. अनाधिकृत विज्ञापन तथा होडिङ्ग वोर्ड नियन्त्रण,
१०. छाडा चौपायाको नियन्त्रण,
११. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
१२. सार्वजनिक आवागमनमा बाधा पुर्याइ राखेका निर्माण सामाग्री पसल व्यवसायवाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाइ र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिवाट ससुल उपर गर्न पेश गर्ने ।
१३. सार्वजनिक जग्गा वाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरिक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानुन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।
१४. नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाणपत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।
१५. स्वास्थ्यका लागि हानिकारक चिज तथा सड्लेको खाद्य पदार्थ विक्रि वितरण रोक लगाउने र तोकिएको मापदण्ड विपरित सड्लेका हानिकारक चिज वस्तु विक्रि गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल वन्द गराउन राय पेश गर्ने ।
१६. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जविजन्तुका मासु विक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जनिवाना समेत गर्न रायसाथ पेश गर्ने ।
१७. छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजस्तु समयमै गाड्न लगाउने ।
१८. खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।
१९. वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।
२०. नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुवाट लागु हुने नीति, निर्णय, नियम र कानुन कार्यान्वयन गर्ने ।
२१. ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/ नवीकरण गर्न लगाउने ।
२२. रेसुङ्गा नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जनिवाना कारवाही गर्ने ।

२३. नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फवाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

२४. नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

२५. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप चलेको पाइएमा कारवाहीको लागि पेश गर्ने ।

२६. नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृती जन्य क्रियाकलापमा रोक लगाउने ।

२७. नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

२८. अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

२९. शहरमा ध्यनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

३०. दमकल (ँक्ष्च्भ द्यचष्नबमभ) सेवालाई २४ घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने ।

३१. विपद्, महामारी भएमा उद्धार तथा राहतका लागी तुरुन्त खटी जाने ।

३२. नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

३३. नगरपालिका अन्रतगतका शाखा तथा आयोजनावाट कार्यान्वनका लागी प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समयभित्र उपलव्ध गराउने ।

३४. माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत वहस गर्ने ।

३५. नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद—४

### तह विभाजन र पदपूर्ति

**७) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः**

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा करारमा नियुक्ति गरिनेछ ।

१. नगर प्रहरी हवल्दार

२. नगर प्रहरी जवान

**८) नियुक्ति गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसमा नगरकार्यपालिकाको कार्यालयले नगर प्रहरी नियूक्ति गर्नेछ ।

**९) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः**

नगर पदको लागी हुने खुल्ला प्रतियोगितामा लिम्नलिखित योग्यता भएका व्यक्तिहले माग लिन सक्नेछन् ः

१. दरखास्त आव्हान भएको मिति सम्म १८ वर्ष उमेर पुरा भई र ३५ वर्ष ननाघेको ।

२. नगर प्रहरी हवल्दार पदमा न्यूनतम एस.एल.सी. वा सो सरह नगर प्रहरी जवान पदको लागी न्यूनतम आठ कक्षा उत्तिर्ण गरेको ।

३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४. कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।
५. मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।
६. महिलाहरुको लागी घटीमा ५ फिट र पुरुषको लागी घटीमा ५ फिट २ इन्च उचाई भएको ।
७. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
८. आँखा माइनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।
९. स्वीकृत चिकित्सकवाट निरोगिताको प्रमाणपत्र पाएको ।
१०. नेपाली नागरिकता प्रमाणपत्र पाएको ।
११. पहिलो पटकका लागी रेसुङ्गा नगरपालिकाभित्र करारमा कार्यरत कर्मचारीको लागी उमेरको हद लाग्ने छैन ।

१०) पदपूर्ति समितिः नगरपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष
२. योजना तथा प्राविधिक विकास शाखा प्रमुख — सदस्य
३. प्रशासन शाखा प्रमुख— सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागी छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि तथा अन्यलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**११) नियूक्ति र अवकाशः**

१. नयाँ नियूक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई छ महिनाको करार अवधिको नियूक्ति दिइने छ । काम सन्तोषजनक भएमा ६/६ महिनामा करार थप गरिनेछ ।

२. कुनै नगरप्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियूक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिनेछ ।

परिच्छेद— ५

नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

१२. नगरपालिका प्रशासनको नियन्त्रण रहने : नगर प्रहरी अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

१३. नगर प्रहरी प्रमुख मार्फत हुने : नगरपालिकाले नगर प्रहरी संगठनसँग कामकाज तथा समन्वय गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

परिच्छेद— ६

## विदा

**१४. विदा अधिकारको कुरा होइन**

१. नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

२. कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजवीजवाट प्रचलित नियमानुसार विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

**१५. विदा स्वीकृत नगराइ घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवावाट हटाउने :**

१. यस कार्यविधि वमोजि विदा स्वीकृत नगराई वस्ने नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन ।

२. कार्यविधि (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले सेवावाट हटाउन सक्नेछ । तर विदाको निकास नहुदै विदा वसी पछि सो गैर हाजिर भएको अवधिको लागी विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

१६.कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः विदा स्वीकृत : विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ ।

## परिच्छेद —७

**सजाय र पुनरावेदन**

१७) **नसिहत दिने** : नगर प्रहरी कर्मचारीले काममा साधारण लामपरवाही गरेमा नसिहत दिन सक्नेछ ।

**१८) नोकरीवाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीवाट हटाउन वा वर्खास्त गर्न सक्नेछ ।

कर्मचारीलाई नोकरीवाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

१. अयोग्यको कारणले आफ्नो पदीय जिम्मेवारी पुरा र दायित्व पुरा गर्न नसकेमा

२. राजनीतिमा भाग लिएमा

३. वरावर अनुशासनहीनताको काम गरेमा

४. डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाइ कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

५. भ्रष्टचार गरेमा

६. आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

७. आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

८. मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

परिच्छेद—८

तलव, भत्ता

**१९. तलव भत्ता :** नगर प्रहरी कर्मचारीले करार सम्झौता भएको मितिदेखि तलव भत्ता पाउनेछ । तलव र राशन भत्ता नगर कार्यापालिकाले तोके अनुसार हुनेछ ।

## परिच्छेद—९

**तालिम**

२०) **तालिमको व्यवस्था** : नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन रेसुङ्गा नगरपालिकाले तोकिए बमोजिमको आवश्यकता अनुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

२१) प्रशिक्षार्थीले पाउने सुविधा : रेसुङ्गा नगरपालिकाका प्रशिक्षार्थीहरुलाई नगरपालिका वाहिर तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानुन बमोजिम हुनेछ ।

२२) **प्रशिषकहरुको पारिश्रमिक** : नगरकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

२३) **आन्तरिक तालिमः** एकै पटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तिरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद—१०

**पोशाक**

२४) **नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रैठर किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । हरेक वर्षको लागी एक सेट पोशाक रकम उपलव्ध गराईने छ ।

२५) जाडो मौसमका लागी दिइने पोशाक : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागी पोशाक निः शुल्क दिइनेछ । हरेक तीन वर्षको लागी एक सेट पोशाक उपलव्ध गराईने छ ।

२६) **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट बमोजिम सिलाई ज्याला र कपडा दिइनेछ ।

२७) नगर प्रहरीको पोशाक सट्टा भर्ना : नगर प्रहरी कर्मचारीलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे बमोजिम सट्टा गरी नयाँ दिइने छ ।

## परिच्छेद—११

## विविध

२८) **पुरस्कार :** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार उपलव्ध गराउन सिफारिस गर्न सक्ने छ ।

२९) **चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाइपाइ आउको एक महिनाको तलव वरावरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

३०) **अन्य सुविधा तथा व्यवस्था :** नगर प्रहरी कर्मचारीहरुलाई दिइने अन्य सेवा सुविधाहरु न्गर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३१) **वाधा अड्काउ फुकाउ** : रेसुङ्गा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शत, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हनेछ । यस कार्यविधमा व्यवस्था नभएका विषयहरुको हकमा नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

३२) कार्यविधि संशोधन : यस कार्यविधिमा आवश्यक संशोधन रेसुङ्गा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले,<br>भक्तिराम मरासिनी<br>प्रमुख प्रशासकीय अधिकृत